नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
(प्रशासन शाखा)

ई-मेल: dgdor@dor.gov.np
वेव: www.dor.gov.np
फयाक्स: (९७७)-१-४२६२९९३
फोन: ४२६२६९३

बबर महल
काठमाण्डौ, नेपाल ।

पत्र संख्या :
चलानी नम्बर :

मितिः २०७०/६/२३

# रमाना दिने/हुने सम्बन्धी अन्यन्त जरुरी सूचना

यस विभाग अन्तर्गत नि.से.ऐन २०४९ को दफा २४(घ)१ अनुसार बढुवा भएका तथा सो बढुवा अनुसार पदस्थापन हुनु भएका सवै कर्मचारीहरुलाई पदस्थापन भएका मितिले ७(सात) दिन भित्र पदस्थापन भएको कार्यालयमा रमाना हुनुहुन सूचित गरिन्छ । यो सूचना कार्यान्वयनको लागि यस विभाग अन्तर्गतका सम्पूर्ण कार्यालय प्रमुखहरुलाई अनुरोध गरिन्छ । यस सम्बन्धी सामान्य प्रशासन मन्त्रालयको निर्देशन सहितको परिपत्र यसै साथ संलग्न छ ।

सडक विभाग

श्रीमान्,
यो सूचना विभागको website मा राख्ने स्वीकृतीका लागि पेश गरेको छु।
७०।६।२३
(मु.प्र.अ.)

६।२३
देवेन्द्र कार्की
महानिर्देशक

2007 18:24

#2165 P 001

नेपाल सरकार
# सामान्य प्रशासन मन्त्रालय
( कर्मचारी प्रशासन शाखा )

फोन :- ४२००३६७, ४२००३६८
४२००३६९
फ्याक्स :- ४२००२३८
सिंहदरबार, काठमाडौं

पत्र संख्या : प.स. (स)०७०/७१
चलानी नं. : 62

मिति: २०७०/०६/२१

**विषय : पदस्थापना गरी रमाना दिने सम्बन्धमा ।**

प्रशासन महाशाखा
द.नं. 884
मिति 2070/6/27

श्रीमान् सचिवज्यू,

......पर्व...... मन्त्रालय/सचिवालय/आयोग/कार्यालय

उपरोक्त विषयमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ अनुसार बढुवा भएका सबै कर्मचारीहरुलाई ऐ. ऐनको तेश्रो संशोधन अध्यादेश, २०६९ अनुसार सेवा समूह संचालन गर्ने मन्त्रालयहरुबाट पदस्थापना कार्य भै रहेको छ । यस मन्त्रालयबाट नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाका कर्मचारीहरुको पदस्थापना भैसकेको व्यहोरा तहाँ विदितै छ । आसन्न संविधानसभा निर्वाचनलाई मध्यनजर गरी जिल्ला स्तरमा कर्मचारीहरुको कमी हुन नदिन यस मन्त्रालयबाट तहाँ वा अन्तर्गत पदस्थापना भएका कर्मचारीहरुलाई अबिलम्ब कार्यस्थलमा खटाउन देहाय बमोजिम गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध गरिन्छ ।

१. यस मन्त्रालयबाट तहाँ अन्तर्गत पदस्थापना भएका कर्मचारीहरुलाई यही २०७० असोज २४ गते भित्र कार्यालय तोकी पदस्थापना गरी सक्ने व्यवस्था हुन ।

२. यसरी पदस्थापना भएका कर्मचारीहरुलाई ७ (सात) दिन भित्र रमाना दिई सम्बन्धित कार्यालयमा पठाउने व्यवस्था हुन ।

३. तर सि.नं. २ अनुसार रमाना दिंदा उक्त कार्यालयमा कर्मचारी नै नरहने स्थिति भएमा सरुवा भएका कर्मचारीको स्थानमा सरुवा भै आउने कर्मचारी हाजिर भएपछि मात्र रमाना दिने व्यवस्था गरी सम्बन्धित कार्यालय खाली हुन नदिने व्यवस्था हुन । (विशेष गरी गा.वि.स. हरु खाली नहुने व्यवस्था हुन ।)

(डा. हरि पौडेल)
सह-सचिव

कृ.प्र. शर्मा
आन्तरिक व्यवस्थापन शाखा,
कार्यार्थ
6/22